# नेपाली जनक्रान्तिको अवधारणा

***स्वाधीन राष्ट्र, समृद्ध समाज र समाजवादी भविष्य***

*'द्वन्द्वात्मक दर्शनको लागि कुनै पनि वस्तु अन्तिम, निरपेक्ष तथा पूर्ण छैन । यसले हरेक चीजमा र हरेक चीजको परिवर्तनशील गुण प्रदर्शित गर्दछ । यसको समक्ष निम्नावस्थाबाट उच्चावस्थातिर उठिरहेको अन्तहीन विकासक्रम, उत्पत्ति तथा विनाशको अविरल प्रक्रियाको बाहेक अरु कुनै चीज टिक्न सक्दैन । यो स्वयम् पनि चिन्तनशील मस्तिष्कमा यस प्रक्रियाको प्रतिबिम्ब मात्र हो । निसन्देह, यसको एउटा रुढिवादी पक्ष पनि छ । यसले मान्दछ कि संज्ञान र समाजका निश्चित अवस्थाहरू काल र परिस्थितिको सन्दर्भमा न्यायसङ्गत छन्, तर सिर्फ त्यहीँसम्म । यस दृष्टिकोणको रुढिवादिता सापेक्ष हो, यसको क्रान्तिकारी स्वरूप निरपेक्ष हो- एक मात्र निरपेक्ष, जसलाई द्वन्द्वात्मक दर्शनले स्वीकार गर्दछ ।'*

***- फ्रेडरिक एङ्गेल्स (लुडविक फायरवाख, १८८६)***

## १) अवधारणाको उद्देश्य

हामी क्रान्तिकारीहरूले के नेपाली जनक्रान्तिलाई शब्द, नारा र गीतमा मात्र नभएर वास्तविक रूपमा विजयको सगरमाथामा पुऱ्याउन सक्छौं ? नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको ७७ औं वर्ष पुरा हुँदैछ । यो लामो इतिहासमा नेपालका कम्युनिस्टहरूको नेतृत्व एवम् सचेतन पहलमा नेपाली जनक्रान्ति किन सफल हुन सकेन ? के यसको मुख्य कारण विश्वसाम्राज्यवाद र नवऔपनिवेशिक दलाल पुँजीवाद हो त ? हाम्रो दृष्टिकोणमा विश्वसाम्राज्यवाद र नवऔपनिवेशिक दलाल पुँजीवाद नेपाली जनक्रान्ति सफल हुन नसक्नुको प्रमुख कारकतत्व होइन ।

नेपाली जनक्रान्ति सफल हुन नसक्नुको मुख्य कारण हामीले आफैभित्र कति खोज्न सकेका छौं ? कारण र परिणाम एवम् नियत र व्यवहारमा के नेपालका कम्युनिस्टहरू आफैं जिम्मेवार छैनन् ? कुनै पनि वस्तुको विकास वा विनासमा बाह्य पक्ष सहायक र आन्तरिक पक्ष प्रधान हुने विज्ञानको नियम नेपालको कम्युनिस्ट पार्टी र आन्दोलनमा लागु हुँदैन ? के नेपालका कम्युनिस्ट क्रान्तिकारीहरूले समाजवाद-साम्यवादका पक्षमा रहेको यो जनमत एवम् जनसमर्थनलाई नेतृत्व गर्न सम्भव छैन ? यी यक्षप्रश्नहरूको सैद्धान्तिक जबाफ होइन, व्यवहारतः समाधान नयाँ कार्यनीति एवम् नेपाली जनक्रान्तिको वैज्ञानिक कार्यदिशाको निरूपण एवम् कार्यान्वयन गरेर मात्र सम्भव छ । यो अवधारणा पत्र यसै दिशामा विचारधारात्मक बहसलाई परिलक्षित गर्ने उद्देश्यमा आधारित छ ।

नेपालमा जनक्रान्ति सम्पन्न गर्न र नेपाली समाजवाद स्थापना गर्न सम्भव छ । यो सम्भावनालाई जीवन व्यवहारमा रूपान्तरण गर्न वास्तविक जीवनमा दर्शक होइन, सबैले जिन्दगीमा जिवन्त रूपले भाग लिनै पर्दछ । यसको लागि जनक्रान्तिले जनजीवनका सपना र तिनको भविष्य बोक्नु पर्दछ । जनक्रान्ति जनताको लागि कुनै कहर होइन, बरु उल्लासमय उत्सव बन्नु पर्दछ । जनक्रान्तिमा जनताको अपनत्व र अधिकार स्थापित गरेर मात्र यो उल्लासमय उत्सव बन्न सक्दछ ।

यसको लागि हाम्रो वैचारिकी, सङ्गठनात्मक प्रणाली, राजनीतिक चरित्र, संस्कृति, अर्थप्रणाली लगायतका समग्र क्षेत्रमा वृहत समीक्षा र विकास आवश्यक छ । आज हाम्रो अगाडि यी समग्र विषयका प्रश्नहरू खडा भएका छन् । यी प्रश्नहरूको जवाफ खोज्नेतर्फ केही बहस पनि भइरहेका छन् तर त्यस्ता बहसहरू धेरै हदसम्म बरालिएका छन् । यसर्थ, यसतर्फको बहसलाई विषय केन्द्रित गर्न, व्यवस्थित गर्न र जनक्रान्तिको मार्गचित्रमा एकीकृत गर्न यो अवधारणा पत्रले भूमिका खेल्ने विश्वास गरेका छौं ।

नेपाली जनक्रान्ति मुलुकको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण तथा सामरिक, प्राविधिक, संवेदनशील भूराजनीति तथा श्रमजीवीवर्ग र सम्पूर्ण जनताको मनोविज्ञान एवम् चाहनासँग अभिन्न रूपले जोडिएको छ । नेपाली जनक्रान्ति मुलुकमा हाबी भएको नवऔपनिवेशिक दलाल पुँजीवाद तथा विश्व साम्राज्यवादको शोषण, उत्पीडन र वर्गीय, जातीय, लैङ्गिक तथा क्षेत्रीय विभेदको अन्त्य गर्दै नेपाली समाजवाद स्थापना गर्ने सुन्दर सपना एवम् लक्ष्य पुरा गर्ने मौलिक मार्ग हो ।

नेपाली जनक्रान्ति श्रमजीवीवर्ग एवम् सम्पूर्ण जनताको तीव्रतम् सङ्घर्षबाट प्रेरित लाखौँ-लाख मानिसहरूका समस्त मानवक्षमताहरू, वर्गचेतना, इच्छा, भावना र कल्पनाको विशेष उत्थान र नयाँ परिस्थितिमा कार्यान्वित गरिन्छ । क्रान्तिकारी श्रमजीवीवर्गले आफ्नो कर्तव्य पुरा गर्न कुनै अपवादबिना सामाजिक कार्यका सबै रूपहरू र पक्षमा पारङ्गत हुनुपर्छ । नेपाली जनक्रान्ति जोखिम र खतरा उठाउनु हो । क्रान्तिकारी श्रमजीवीवर्गले नयाँ परिस्थितिमा सबभन्दा अविलम्ब र अप्रत्यासित नयाँ रणनीति, कार्यनीति र तरिकाले एउटा रूपलाई छोडेर अर्को रूप अपनाउनका लागि सधैँ तयार रहनुपर्छ । परन्तु सबै किसिमका सङ्घर्षका रणनीति, कार्यनीति र तरिकाहरू मिलाउन नजान्ने क्रान्तिकारीहरू बेकम्मा हुन् ।

आज हामी क्रान्तिकारीहरू असाधारण परिस्थिति र नयाँ युगमा खडा छौँ । विश्वसाम्राज्यवाद र नेपालमा हाबी भएको नवऔपनिवेशिक दलाल पुँजीवादका नयाँ चुनौतीहरूको सामना गर्नुपर्नेछ । नेपाली कम्युनिस्ट आन्दोलनमा देखा परेको विचारधारात्मक सङ्कटको समाधान दिने र नेपालमा समाजवादको उज्ज्वल भविष्य निर्माणको राजमार्ग तयार गर्ने जिम्मेवारी पुरा गर्नुपर्नेछ । विवेक र साहसकासाथ नयाँ चुनौतीहरूको सामना गर्ने र नयाँ सम्भावनाको खोजी गर्ने नयाँ युगीन आवश्यकता हो । यो विश्वसाम्राज्यवाद र समाजवादी जनक्रान्तिको नयाँ युग हो । विश्वसाम्राज्यवाद र नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्थालाई खुला वर्गसङ्घर्ष एवम् वर्ग-मुठभेडहरूद्वारा तख्ता पल्टाउनु नयाँ युगीन दायित्व हो । श्रमजीवीवर्गले त्यसका लागि परम्परागत एवम् पुराना होइन, नयाँ विचार पाठशालाको आधारशीलामा नवीन कार्यदिशा, रणनीति, कार्यनीति र कार्यक्रमको विकास र प्रयोग गर्दै आफ्नो शक्ति  हासिल गर्न जरुरी छ । नेपाली जनक्रान्तिको नयाँ अवधारणा एवम् मार्गचित्र निर्माण गर्न र लागु गर्न अपरिहार्य आवश्यकता छ ।

## २) विश्वका ऐतिहासिक शिक्षा

### क) मालेमा के हो- के होइन ?

मार्क्सवाद-लेनिनवाद-माओवाद विचारधात्मक पद्धति, विज्ञान र वैज्ञानिक सिद्धान्त हो । यो सर्वशक्तिमान, सार्वभौम, अपराजेय, क्रान्तिकारी विचार, विश्वदृष्टिकोण र समाज विज्ञान हो । यसको दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवाद सत्य र सुसङ्गत छ । यो जडसूत्र होइन, कामको पथप्रदर्शक हो । यो कुनै मृत विचार र अमूर्त शास्त्रीय सिद्धान्त होइन, सजीव र विकासशील विज्ञान हो । सही अवलोकन, अध्ययन, अनुसन्धान र कुशल प्रयोगबाट यो विशाल एवम् समृद्ध ज्ञान भण्डार बन्न सफल भयो । यसले मानव समाजको विकास, वर्गसङ्घर्ष र उत्पादन सम्बन्धको विश्लेषण वैज्ञानिक ढङ्गले गर्दछ ।

यसले मानव समाजको विकास आर्थिक आधारमा इतिहासको भौतिकवादी व्याख्या गर्दछ । इतिहास वर्गहरूको सङ्घर्षद्वारा अगाडि बढ्ने सिद्धान्तलाई आत्मसात् गर्दछ । पुँजीवादको अन्त्य र समाजवादको स्थापनार्थ श्रमजीवी वर्गको नेतृत्व अपरिहार्य ठान्दछ । यसले समाजवादलाई साम्यवादतर्फ अगाडि बढ्ने सङ्क्रमणकालीन चरण मान्दछ । यसले समाजवादलाई काल्पनिक आदर्शमा होइन, बरु द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी पद्धतिको आधारमा व्याख्या गर्दछ । त्यसैले यो वैज्ञानिक छ । यसको सही बुझाई, प्रयोगमा निरन्तर एवम्

सर्वत्तोमुखी विकास भइरहन्छ । यो विज्ञानको सही बुझाई र प्रयोगबिना विकास सम्भव छैन । नेपाली जनक्रान्ति र नेपाली समाजवाद मालेमाको सही प्रयोग र विकास हो ।

## ख) ऐतिहासिक पृष्ठभूमि

मार्क्स-एङ्गेल्सको समयको पुँजीवादले आफ्नो चिहान खन्ने सर्वहारा (मजदुर) वर्ग जन्मायो । कार्ल मार्क्सले वर्गहरूबिचको सङ्घर्षबाट इतिहासको निर्माण हुने बताउदै पुँजीवादको पतनले समाजवादी क्रान्तिको मार्ग निर्माण गर्ने निष्कर्ष प्रस्तुत गर्नुभयो । पुँजीवादको अन्त्य र समाजवादी व्यवस्थाको उत्पत्ति ऐतिहासिक वास्तविकता हो । फेडरिक एङ्गेल्सले वर्गसङ्घर्षलाई उत्प्रेरित गरेर समाजवादको निर्माणका लागि औद्योगीकरणलाई रणनीतिक रुपमा विश्लेषण गर्नु भएको थियो । मार्क्स- एङ्गेल्सले पुँजीवादको समाधान एवम् अन्त्यका लागि वर्गसङ्घर्षद्वारा समाजवाद निर्माणको रणनीति संश्लेषण गर्नु भएको थियो ।

मार्क्स-एङ्गेल्सको युगमा अधिक उत्पादन एवम् अतिरिक्त मूल्यको शोषण गर्ने औद्योगिक पुँजीवाद विकसित भइरहेको थियो । लेनिनको युगमा वित्तीय पुँजीवादको भूमण्डलीकरणको प्रारम्भबाट पुँजीवादको चरम अवस्था एकाधिकार साम्राज्यवाद विकसित भइरहेको थियो । लेनिनले आफ्नो युगलाई साम्राज्यवाद र सर्वहारा क्रान्तिको पूर्वबेला हो भन्ने संश्लेषण गर्नु भएको थियो । माओ सेतुङले साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूको मुक्तिको युग तथा आगामी सय वर्ष साम्राज्यवादको अन्त्य र समाजवादी आन्दोलनको विजय हुनेछ भन्ने संश्लेषण गर्नुभएको थियो । पहिलो विश्वयुद्धको दौरानमा मजदुर-किसानको चट्टाने एकतामा अक्टोबर क्रान्तिको विस्फोट भयो र सोभियत सङ्घ स्थापना भयो । दोस्रो विश्वयुद्धपछि पूर्वी युरोप, चीन, भियतनाम, कोरिया, लाओस आदि देश जनक्रान्तिद्वारा मुक्त भएका थिए ।

मानिसले मानिसमाथि गर्ने शोषण-उत्पीडन, असमानता, जमिनदारी, कुलीनतन्त्र र राज्यले आम जनतामाथि गर्ने नियन्त्रण पुँजीवादका अनिवार्य परिणाम हुन् । पुँजीवादका यी मानवद्वेषी चरित्रको रहस्य उदघाटन गर्दै युरोपेली चिन्तक एवम् दार्शनिक मार्क्स- एङ्गेल्स र अन्य समाजशास्त्रीहरूले यसको वैज्ञानिक समाधान दिएका थिए ।

नेपालका गौतम बुद्धले 'हरेक वस्तु, विचार र सिद्धान्तहरू परिवर्तनशील वा अस्थायी छन्' भन्ने दार्शनिक मान्यतामा अस्थायित्वको सिद्धान्तको सुत्रबद्ध गरेका थिए । त्यसले राजनीतिक विचारधारा, व्यवस्था र शासन पद्धतिलाई गतिशील एवम् परिवर्तनशील छन् भन्ने पुष्टि गर्दछ । महर्षी कपिलले सबै परिणाम निश्चित कारणका उपज हुन्छन् भन्ने वैज्ञानिक विचार सुत्रवद्ध गरेका थिए । उनले कारण विगतमा क्रियाशील र परिणाम आगतमा हुन्छ भन्ने संश्लेषण साङ्ख्य दर्शनमा गरेका थिए ।

चिनियाँ अध्यात्मवादी दार्शनिक लाओत्सेले उत्पत्ति र विर्सजन वा विलय प्रकृतिको नियमअनुसार हुने गर्दछन् र विगतको विलयले आगतको उत्पति हुन्छ भनेका थिए । उनले विलय र उत्पतिकाबिचमा समय जन्मिन्छ भनेका थिए ।

एसियाली दार्शनिकहरू बुद्ध, कपिल र लाओत्सेको दर्शनले मानव समाज, राजनीतिक विचारधारा, व्यवस्था र शासन पद्धतिलाई गतिशील एवम् परिवर्तनशील छन् भन्ने पुष्टि गर्दछन् । एसियाका चिन्तक एवम् विचारक तथा दार्शनिकहरूले मानव समाज, राजनीतिक विचारधारा, व्यवस्था र शासन पद्धतिलाई गतिशील एवम् परिवर्तनशील छन् भन्ने पुष्टि गर्दछन् ।

यी मान्यता र दृष्टिकोणबाट हेर्दा नेपालको वर्तमान राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सङ्कटको ऐतिहासिक पृष्ठभूमि रहेको छ । वर्तमान सामाजिक व्यवस्थाको सङ्कट राजनीतिक, आर्थिक,

सामाजिक, सांस्कृतिक र प्राविधिक रुपले उत्कर्षमा पुगेको छ । नेपाली समाज, राजनीतिक विचारधारा, व्यवस्था र शासन पद्धति गतिशील एवम् परिवर्तनशील छन् ।

आजको विश्वमा १९ औं र २० औं शताब्दीका समाजवादी सत्ता छैनन् । त्यसपछि कुनै पनि देशमा क्रान्ति सफल हुन सकेको छैन । फिलिपिन्स, पेरू, टर्की, चिली, मलाया, बर्मा, कोलम्बिया, निकारागुवा, इन्डोनेसिया, ग्वाटेमाला, भेनेजुयला, ब्राजिल, भारत र नेपालमा क्रान्तिको पहल एवम् प्रारम्भ भए पनि विजयी भएनन् । माओ सेतुङको निधनपछि लामो समयसम्म विचारधारात्मक विकासमा अवरूद्ध र जनक्रान्तिको ज्वाला बल्ने र निभ्ने भइरहेको छ । भारतलगायत देशमा जारी वर्गसङ्घर्ष एवम् जनयुद्धले पनि सफलता हासिल गर्न सकेका छैनन् । आज नयाँ परिस्थितिमा हामी क्रान्तिकारीहरूले त्यो इतिहासबाट समग्र शिक्षा लिएर अगाडि बढ्न जरुरी छ ।

## ग) नयाँ विश्वका फरक विशेषता

मार्क्स-एङ्गेल्सले पुँजीवादको पहिलो ऐतिहासिक विकास प्रक्रियाका आधारमा जनवाद र समाजवादको कार्यदिशाबारे स्पष्ट गर्नुभएको थियो । लेनिनले पुँजीवादको चरम अवस्था साम्राज्यवादको विकास एवम् विशेषताका आधारमा जनवादी र समाजवादी क्रान्तिको कार्यदिशामा दुई कार्यनीतिको विकास गर्नुभयो । माओ त्सेतुङले अर्धसामन्ती र अर्धऔपनिवेशिक भनिएका देशहरूमा सामन्त, नोकरशाह एवम् दलाल पुँजीपति वर्ग र जनता तथा उत्पीडित एवम् उत्पीडक राष्ट्रबिचका मुख्य अन्तरविरोधहरूको समाधान नयाँ जनवादी क्रान्तिद्वारा गर्नुभएको थियो ।

आज विश्वको अर्थराजनीतिक र अर्थसामाजिक अवस्थामा तीव्र परिवर्तन भइरहेको छ । उपनिवेश-औपनिवेशिकबाट नवऔपनिवेशिक युगको प्रारम्भ भयो । विश्वमा अर्थराजनीतिमा परिवर्तन, विश्व वित्तीय संस्थाहरूको आर्थिक केन्द्रमा हेरफेर, सैन्य अन्तरविरोधको परिवर्तन, जनताको ठुलो हिस्सा बेरोजगारी एवम् गरिबीको रेखामुनि, दुई तिहाइभन्दा बढी धनमा मुट्ठीभर धनाढ्यको एकाधिकार तथा श्रम र पुँजी, श्रमिक र मालिकबिचको अवस्थामा व्यापक परिवर्तन भइरहेको छ । आज पुँजीको निर्माण, संकेन्द्रण, परिचालन र उत्पादनका साधनमाथि सीमित समूहको नियन्त्रणले मार्क्स-एङ्गेल्स, लेनिन, स्टालिन र माओको युगभन्दा विकसित एवम् नितान्त नयाँ छ ।

आज विज्ञान तथा सूचनाप्रविधिमा तीव्र विकास भइरहेको छ । कम्प्युटर प्रविधि र जेनेटिक प्रविधि एउटा शक्तिशाली नयाँ प्राविधिक यथार्थमा एकीकृत भएका छन् । सूक्ष्म यान्त्रिकी, कृत्रिम बौद्धिकता र डाटा पुँजीवादले गम्भीर चुनौती एवम् महान् सम्भावनाको ढोका खोलिरहेको छ । विश्वसाम्राज्यवादको पहुँच, प्रयोग र नियन्त्रणमा रहेको विज्ञान तथा सूचनाप्रविधिलाई श्रमिक एवम् श्रमजीवी जनताको पहुँच र प्रयोगमा ल्याउनु जनक्रान्तिको अपरिहार्य नयाँ कार्यभार हुनेछ । यो युगबोधबिना नयाँ युगीन कार्यभार पुरा गर्न असम्भव छ ।

आधुनिक विज्ञान तथा सूचनाप्रविधि विश्वका विशाल सङ्ख्यामा रहेका श्रमजीवीवर्ग एवम् जनसमुदायको सस्तो श्रमसँग जोडिएको छ । त्यसले विश्वको जुनसुकै स्थानमा हुने सकारात्मक तथा नकारात्मक घटनालाई प्रभावित गरिरहेको छ । त्यसले श्रमजीवीवर्ग एवम् सम्पूर्ण जनताको चेतना एवम् प्राविधिक ज्ञानमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

आजको विश्वव्यापीकरणले विकेन्द्रित उत्पादन तथा केन्द्रित वितरणको सामाजिक प्रक्रिया विकास गरेका छ । यसले आवश्यकताअनुसारको वितरण एवम् समाजवादको भौतिक पूर्वाधार तयार भइरहेको छ । यसले आवश्यकताको संसारबाट स्वतन्त्रताको संसारमा छलाङ मार्न सुनिश्चित गरिरहेको छ । साथै, विश्वसाम्राज्यवाद

र उत्पीडित राष्ट्र एवम् जनताबिचको अन्तरविरोधले नयाँ समाजवादी जनक्रान्तिको वस्तुगत परिस्थिति निर्माण भइरहेको छ ।

आज विश्वव्यापीकरण, बजार अर्थतन्त्रको बदलिदो स्वरूप, विद्युतीय प्रविधिमा आधारित अर्थतन्त्र, अस्थायी र अनिश्चित पेशामा आधारित गिग अर्थतन्त्र, बहुराष्ट्रिय कम्पनीहरूको तीव्र विस्तार, केही सीमित शक्तिको हातमा पुँजीको नियन्त्रण, अति एकाधिकार प्रविधिको तीव्र विकास, सूक्ष्म यान्त्रिकी, कृत्रिम बौद्धिकता र डाटा पुँजीवादले नयाँ पुस्तामा लोकप्रियतावाद र पुस्तावादको मृगतृष्णा पैदा गरिरहेको छ ।

विश्व-मानवजाति एवम् मूलतः सर्वहारा (मजदुर) श्रमजीवी वर्गलाई प्रज्ज्वलित गर्न सफल कम्युनिस्ट घोषणापत्र अन्वेषण एवम् प्रक्षेपणको १७८ वर्ष, सर्वहारा वर्गलाई सर्वप्रथम सत्ताको मालिक बनाउन सफल तथा शिक्षा प्रदान गर्ने पेरिस कम्युनको १५५ वर्ष, नयाँ ढङ्गले पहिलोपटक पृथ्वीको विशाल भूभागमा समाजवादी सत्ता स्थापना गर्न सफल अक्टोबर क्रान्तिको १०९ वर्ष र एसियाको विशाल भूमिमा नयाँ जनवादी एवम् समाजवादी व्यवस्था स्थापना गर्न विजयी चिनियाँ नयाँ जनवादी क्रान्तिको ७७ वर्षपछिको नयाँ दुनियाँमा हामी खडा छौँ । २१ औँ शताब्दीमा आज हामी विश्वको सर्वोच्च शिखर सगरमाथाको मुलुकमा नेपाली जनक्रान्ति प्रारम्भ र सफल गर्ने उद्घोष गरिरहेका छौँ । नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्थाको तख्ता पल्टाएर नेपाली समाजवाद स्थापना गर्ने दृढ विश्वास र सङ्कल्प गरिरहेका छौँ ।

## ३) जनक्रान्तिको नेपाली सन्दर्भ

आज विश्वसाम्राज्यवाद र नेपालमा नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्था चरम सङ्कटमा छ । यो असफल भइसकेको छ । यो पश्चिममा अस्ताउन लागेको सूर्यझैँ अवस्थामा छ । विश्वसाम्राज्यवाद र नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्था एउटा कालखण्डमा जन्मेको हो, यसको मृत्यु अनिवार्य छ । विज्ञानको नियम विचार, राजनीति र समाज सबैमा समान ढङ्गले लागु हुन्छ । नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्था अब इतिहासको सङ्ग्रहालयमा राखिनु पर्दछ । समाजवाद-साम्यवाद श्रमजीवीवर्गको आफ्नै व्यवस्था हो । नयाँ सामाजिक व्यवस्था समाजवाद-साम्यवाद नै अवश्यम्भावी अद्वितीय समाधान हो । यसको नेतृत्व गर्न सच्चा क्रान्तिकारीहरू योग्य एवम् सक्षम बन्न जरुरी छ ।

आज युगीन दृष्टिले नेपाली समाज कविलाइ-सामन्ती र नवऔपनिवेशिक दलाल पुँजीवादी चरणबाट समाजवादी चरणमा रूपान्तरणको सङ्क्रमणकालीन अवस्थामा छ । यो नयाँ वस्तुगत धरातलमा खडा भएर पहिलो, मालेमाको सही बुझाइ एवम् प्रयोग, दोस्रो, ठोस कार्यक्रम र तेस्रो, आम कार्यदिशा निर्माण गरेर नयाँ युगीन **नेपाली जनक्रान्ति**को दिशामा अगाडि बढौँ । चुनौतीपूर्ण र सम्भावनायुक्त वर्तमान परिस्थितिमा पूर्व क्षितिजमा नेपाली समाजवादको दृश्यावलोकन गरौँ ।

### क) कार्यदिशा र कार्यनीतिको बहस

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा नीति, नेतृत्व र कार्यनीतिमा अन्तरविरोध एवम् वैचारिक बहसको प्रारम्भ २०१० सालमा नेकपाको प्रथम महाधिवेशनबाट भएको थियो । कमरेड पुष्पलालको 'संविधानसभाको निर्वाचन' र केशरजङ्ग रायमाझीको 'वैधानिक राजतन्त्र' दुई फरक प्रस्तावबिच बहस एवम् सङ्घर्ष भएको थियो । २०१२ सालको दोस्रो राष्ट्रिय सम्मेलनबाट तात्कालीन नेतृत्वले राजावादी धार समात्न पुगेको थियो । केशरजङ्ग रायमाझी नेतृत्वको २०१४ सालको दोस्रो र तुलसीलाल अमात्यको २०१९ सालको तेस्रो महाधिवेशनबाट 'राष्ट्रिय प्रजातन्त्र' को कार्यनीति अपनाइएको थियो ।

२०४९ सालमा नेकपा (एमाले) को पाँचौं महाधिवेशनद्वारा 'जनताको बहुदलीय जनवाद' कार्यक्रम पारित गरिएको थियो । नेकपा (एकीकृत समाजवादी) को २०८० सालको महाधिवेशनले जनवादी क्रान्तिको चरण पार गरी समाजवादको चरणमा प्रवेश गरेको निष्कर्ष निकालेर उपलब्धिको रक्षा र विकास गर्न 'शान्तिपूर्ण प्रक्रियाबाट समाजवाद' को कार्यदिशा पारित गऱ्यो । २०७१ सालमा सम्पन्न नवौं महाधिवेशनबाट 'समाजवादी क्रान्ति' को कार्यदिशा पारित गऱ्यो ।

२०४८ को एकता महाधिवेशनबाट नेकपा (एकताकेन्द्र) ले दिर्घकालीन जनयुद्धको कार्यदिशा पारित गऱ्यो । नेपालको कम्युनिस्ट आन्दोलनमा कार्यदिशा सम्बन्धी विधिवत् बहसको प्रारम्भ यसै समयबाट भएको थियो ।

नेकपा (माओवादी) को २०६२ असोजमा सम्पन्न चुनबाङ बैठकबाट 'लोकतान्त्रिक गणतन्त्र'को कार्यनीति अवलम्बन गऱ्यो ।  पालुङटार विस्तारित बैठकको 'संविधानसभा र विद्रोह', एनेकपा (माओवादी) को २०६९ सालको सातौं महाधिवेशनको 'समाजवादी क्रान्ति'को कार्यदिशा लिएको थियो । नेकपा (माके) को आठौं महाधिवेशनबाट '२१ औं शताब्दीको समाजवाद' कार्यक्रम तय गरिएको थियो । २०७५ सालको नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) पार्टी एकतापछि 'समाजवाद उन्मुख जनताको जनवाद' को कार्यक्रम तय गरियो ।

नेकपा (माओवादी) को भक्तपुर बैठकदेखि पालुङटार विस्तारित बैठकसम्म अगाडि सारिएको 'जनताको राष्ट्रिय सङ्घीय लोकतान्त्रिक गणतन्त्र' भन्ने कार्यनीति निर्माण गरिएको थियो । नेकपा -माओवादीको सातौं महाधिवेशनले 'जनयुद्धको जगमा जनविद्रोह' को कार्यदिशा पारित गरेको थियो  ।

नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) बिच पार्टी एकतापछि 'आमकार्यक्रम नयाँ जनवाद र आधारभूत कार्यक्रम वैज्ञानिक समाजवाद' बनाइयो । क्रान्तिकारी कम्युनिस्ट पार्टीले 'नयाँ जनवादको खुड्किलो पार गर्दै वैज्ञानिक समाजवाद' मा पुग्ने कार्यदिशा अवलम्बन गरेको छ ।

सबै कम्युनिस्ट घटकहरूले विभिन्न रूपका समाजवादी कार्यदिशाहरू अपनाएको दाबी गरिरहेका छन् । तर, परिणाममा ती कार्यदिशा र कार्यनीतिहरूले नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्थाको समाधान दिन सफल हुन सकिरहेको अवस्था छैन ।

**ख) नेपालमा आजसम्मका क्रान्ति किन असफल भए ?**

**अ) सिद्धान्त-विचार र व्यवहारमा समस्या**

मालेमाको सही प्रयोग गरिएन । यसलाई नेपालमा अलङ्कारयुक्त वाक्यका प्रेमीहरूका रुपमा निकै उत्साहपूर्वक अपनाइयो । सामाजिक अवस्थाको नजरअन्दाज गर्दै विशुद्ध साहित्यिक रुपमा ग्रहण गरियो । यसले मानवीय सारको प्राप्तिभन्दा दार्शनिकता छाँट्ने रूप ग्रहण गऱ्यो । स्टेफन हकिङको 'विगतमा दर्शन र विज्ञान सँगै थियो तर आज अलग-थलग हुन पुगेको छ । दर्शनले समाजका समस्याहरूलाई विज्ञानसम्मत ढङ्गले समाधान दिन सकेको छैन' भन्ने संश्लेषण निकै सान्दर्भिक छ । यसले विचार-सिद्धान्त र व्यवहारबिच खाडल सिर्जना गऱ्यो । परिणामस्वरुप सामाजिक दार्शनिक सिद्धान्तको विकास अवरुद्ध भयो । अन्ततः वैचारिक दिवालियापन एवम् सङ्कट पैदा भयो । विचारको न सही बझाइ, न प्रयोग, न विकास भयो । यसले पार्टी र क्रान्तिलाई शास्त्रीय प्रवचन र विचलनको समस्याले जकडबन्दी गऱ्यो । जनक्रान्तिको सफलता नै सुस्पष्ट विचार, सिद्धान्त, रणनीति र लक्ष्यमा निर्भर हुन्छ । यसको लागि सामाजिक अवस्था र अर्थव्यवस्थाको ठोस विश्लेषण जरुरी हुन्छ ।

### आ) विचार, नेतृत्व र सङ्गठनात्मक समस्या

पार्टीमा सुस्पष्ट विचारधारा, सुदृढ सामूहिक नेतृत्व र क्रान्तिमा श्रमजीवीवर्गसहितको आम जनसमर्थन एवम् जनसहभागिताको अभाव रह्यो । हुँदा खाने वर्गलाई छोड्दा जनतासँग दूरी बढ्यो । नवउदारवादी राजनीतिक अभ्यास गरियो । श्रमजीवीवर्ग एवम् जनतासँग अभिन्न अजेय एन्टियस बन्न नसक्दा साम्राज्यवादी हरकुलसले पार्टी, नेतृत्व र क्रान्ति असफलतामा टुङ्गियो । वस्तुगत परिस्थितिको नजरअन्दाजमा नेतृत्वको अतिरञ्जना र न्यूनीकरण गलत हुन्छ । चौतारोरूपी पार्टीले नेतृत्वको वैचारिक एवम् भौतिक रक्षा र क्रान्तिको सफलता असम्भव छ । जनक्रान्तिको सफलताका लागि बलियो, सामूहिक र दूरदर्शी नेतृत्व अनिवार्य सर्त हो । जनक्रान्तिको सफलता नै सुदृढ सङ्गठनात्मक संरचना, जागृत जनसङ्गठन, विधि-पद्धति, अनुशासन र समन्वयसँग अन्योन्याश्रित हुन्छ । यसमा गुटबन्दी, विवाद र अविश्वासको कुनै स्थान हुँदैन । जनक्रान्तिको लागि तत्कालीन र दीर्घकालीन आर्थिक स्रोतसाधनको व्यवस्थापन अपरिहार्य हुन्छ । कुनै पनि सङ्गठनमा व्यवस्थापन अनिवार्य आधार हो ।

### इ) विचारधारात्मक पाठशालाको समस्या

क्रान्तिकारी कम्युनिस्ट पार्टी र आन्दोलनको लागि विचारधारात्मक पाठशाला अनिवार्य सर्त हो । यो दृष्टिकोणको समस्या समाधान हो । यो नै नयाँ विचार र दृष्टिकोण निर्माण एवम् लक्ष्य निर्धारण हो । यो पार्टी र आन्दोलनको वैचारिक, सङ्गठनात्मक र व्यवहारिक मुख्य आधार हो । यो मालेमाका सिद्धान्तहरूको अध्ययन मात्र होइन, सही अभ्यास हो । यसको अभावले नेपालमा यान्त्रिक एवम् शास्त्रीय  अध्ययनले गहन विश्लेषण, बहस र आलोचनात्मक चिन्तनको खडेरी पैदा गऱ्यो । समयानुकूल अद्यावधिक नगर्ने, पुराना दस्तावेज र सन्दर्भको सुगा रटाइ एवम् प्रवचन गराइयो । यसले गतिशील परिस्थिति, प्रविधि र नयाँ राजनीतिक चुनौतीको सामना होइन, समर्पण एवम् विर्सजन र विघटनको दिशामा जान विवश गरिदियो । नीति प्रधानको नारा लगाइयो र गीत गुञ्जाइयो तर व्यवहारमा व्यक्तिलाई प्रमुख स्थान प्रदान गरियो । जसको नीति उसको नेतृत्वमा भ्रष्टीकरण भयो । यसले व्यक्तिको इच्छा र चाहनामा पार्टी र आन्दोलनको दुरुपयोग गर्नेसम्म अवस्था पैदा भयो । गुण र दोष पनि व्यक्तिकेन्द्रित भयो । यसले नेतालाई यस्तो सिंहासनमा विराजमान सम्राट बनायो कि ऊ पार्टी, आन्दोलन र समितिभन्दा माथि पुग्यो । उत्पादन, वर्गसङ्घर्ष र वैज्ञानिक प्रयोग सामाजिक व्यवहार तथा जनताबाट सिक्ने होइन, नेता, अध्ययन र कक्षामा सिक्ने संस्कृति बन्यो । जनतासँगको सम्बन्ध कमजोर बन्यो । अनुशासन, एकता, इमानदारिता र प्रतिबद्धता पनि कमजोर बनायो । सिद्धान्त अध्ययनलाई व्यवहारसँग जोड्ने, श्रमजीवीवर्ग एवम् जनतासँग माछा-पानीको बलियो सम्बन्ध कायम गर्ने, आलोचनात्मक सोच विकास गर्ने तथा अनुशासन, एकता, इमानदारिता, प्रतिबद्धता कायम गर्ने र यसबाट शिक्षाग्रहण गर्दै क्रान्तिकारी गतिशीलता र सिर्जनशीलता पैदा गर्ने नयाँ युगीन विचार पाठशाला निर्माण यसको समाधान हो ।

### ई) वर्गविश्लेषण र वर्गसङ्घर्षमा समस्या

नेपाली समाजको राजनीतिक, आर्थिक र सामाजिक स्वरूपको ठोस अध्ययन एवम् अनुसन्धानबिना, अर्थराजनीतिक एवम् अर्थसामाजिक अवस्थाको वर्गविश्लेषणबिना जनक्रान्ति असम्भव छ । यसले  पार्टीलाई श्रमजीवीवर्ग एवम् जनताबाट अलगथलग गऱ्यो । सही वर्गविश्लेषण एवम् राज्यको वर्गचरित्रको पहिचानबिना वर्गसङ्घर्ष एवम् जनक्रान्ति असम्भव छ । क्रान्ति व्यक्ति र पार्टीको मामिला होइन, श्रमजीवीवर्ग एवम् जनता तथा देशको जीवन र भविष्य हो ।

### उ) क्रान्तिको मोडेलको आयात एवम् अनुसरण गर्नु

अरु देशमा प्रयोग गरिएका क्रान्तिका मोडेलको आयात एवम् अनुसरण गरियो । इतिहासमा युरोप, अमेरिका र एसियामा प्रयोग र विकास गरिएका क्रान्तिका मोडेल नेपालमा अपर्याप्त हुने सत्यलाई नजरअन्दाज गरियो । कुनै पनि क्रान्ति विश्व क्रान्तिको अभिन्न अङ्ग हो तर अन्धनक्कल भने होइन । क्रान्ति सिकेर गर्ने विज्ञान मात्र होइन, गरेर सिक्ने कला पनि हो ।

कुनै बनिबनाउ मोडेलको आयात एवम् अन्धमुष्टि रूपमा क्रान्तिको विजय असम्भव छ । विश्वका विजयसिद्धि जनक्रान्तिप्रति गौरव गर्न सकिन्छ, तर स्तुतीगान असम्भव छ । पराजित जनक्रान्तिबाट सिक्न सकिन्छ, तर पुनरावृत्ति सम्भव छैन । समय, स्थान र नयाँ परिस्थितिमा क्रान्तिका मोडेल परिवर्तशील एवम् गतिशील छन् ।

### ऊ) कार्यदिशा र कार्यनीतिमा समस्या

राजनीतिक, आर्थिक र सामाजिक सङ्कटको ऐतिहासिक एवम् दार्शनिक रूपमा ठोस विश्लेषण, सही संश्लेषण र वैज्ञानिक मार्गचित्र निर्माण गर्न तथा नयाँ विचार, रणनीति, कार्यनीति, कार्यदिशाको निर्माण एवम् विकास गर्न नसक्नु जनक्रातिको असफलताको मूल कारण हो । अरु मुलुकको सापेक्षतामा विकास गरिएका क्रान्तिका कार्यदिशाको मोडेल अनुसरण त सम्भव हुन्छ तर त्यस्तो अनुशरणले जनक्रान्तिको विजय असम्भव हुन्छ ।

### ए) विशिष्ट भूराजनीति

नेपालको संवेदनशील भूराजनीतिको मामिलामा खेलबाड गरिनु हुँदैन । यसले देश, जनता, पार्टी र क्रान्तिलाई परमुखी बन्न विवश तुल्याउँछ । विशाल भूगोल, जनसङ्ख्या र आर्थिक सम्पन्नता हासिल गरेका दुई छिमेकी चीन र भारतको समदर्शी होइन, लम्पसार दलाल बन्ने होडबाजीले न देश स्वाधीन हुन्छ, न समृद्धि सम्भव । नेपालका लागि दुबै छिमेकी बराबर हुन् । चुनौती र सम्भावनालाई सही दृष्टिकोणले विश्लेषण गर्न जरुरी छ । कसैको-कोही बन्ने होइन, वास्तविक देशभक्त नेपाली बन्न आवश्यक छ । जनक्रान्तिमा अन्तर्राष्ट्रिय दबाब होइन, सहयोग एवम् समर्थन आवश्यक हुन्छ । नेपालको राष्ट्रिय स्वाधीनता र आत्मनिर्भरता बलियो बनाउनेतर्फ ध्यान दिन जरुरी छ । नेपालले स्वतन्त्र परराष्ट्र नीति, सन्तुलित कूटनीति र राष्ट्रिय उत्पादन क्षमताको विकास गर्न अपरिहार्य आवश्यकता छ । गोटी बन्न खोज्ने प्रवृत्ति र पात्रका कारण नेपाली जनक्रान्ति सफल हुन सकेन । हरेक क्रान्तिकारीहरूका लागि आफ्नो देश र जनता नै शक्तिका स्रोत हुन् ।

### ऐ) मामुली सुधार, सम्झौता र विर्सजन

इतिहासका सबै जनसङ्घर्ष, जनआन्दोलन, जनयुद्ध र जनक्रान्तिको लक्ष्य आमूल परिवर्तन हो । यो सामान्य आंशिक सुधार र सम्झौतामा विर्सजन भयो । हरेक समयको परिवर्तन एवम् जनक्रान्ति आधारभूतरूपले सोही समयको उत्पादन सम्बन्धको परिणाम हो । विकासको एउटा निश्चित चरणमा पुगेपछि प्रत्येक जनक्रान्तिले पुरानो व्यवस्थालाई विस्थापन गर्नु अनिवार्य सामाजिक आवश्यकता हुन्छ ।

२००७ सालयताका सबै जनसङ्घर्षहरू, जनआन्दोलन र जनयुद्ध समेत या त पराजित भए या सामान्य सुधार, दिनेलिने सम्झौता र राजनीतिक परिवर्तनमा सीमित भए । श्रमजीवीवर्ग एवम् जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा कागजी अधिकारमा सीमित भए । यी तमाम् तथ्यहरूले उजागर गरेको सत्य नै नेपाली जनक्रान्तिको निर्णायक विजयको अर्को आधार हो ।

पुरानो उत्पादन सम्बन्धको अन्त्य र नयाँ उत्पादन सम्बन्धको स्थापना प्रत्येक जनसङ्घर्ष एवम् जनक्रान्तिको अपूर्ण कार्यभार बनिरहेको छ । तसर्थ, इतिहासका सकारात्मक र नकारात्मक पक्षहरूको सिंहावलोकन एवम् निर्मम समीक्षासहित शिक्षा लिएर नै नेपाली जनक्रान्ति अगाडी बढ्न सक्दछ ।

समग्रमा उलटपुलट र उथलपुथलको उद्देश्यमा सञ्चालित विगतका न्यायपूर्ण आन्दोलन, महान् जनयुद्ध, जनआन्दोलन र जनक्रान्ति विजयमा पुग्न नसक्दा, निष्कर्षविहीन ढङ्गले सम्झौतामा वा आंशिक परिवर्तनमा सीमित हुनुले जनादेशको उपहास र जनअपेक्षाको तेजोवध भई सीमित उपलब्धिसमेत धरापमा परिरहेको छ ।

ऐतिहासिक नगद उपलब्धिहरू मुख्य नेतृत्वको आत्मसमर्पण, विचलन र प्रतिक्रान्तिका कारण गुम्न पुगेका छन् । आज मुलुकमा नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्थालाई नयाँ जलप लगाएर नवदलालहरूले जनतामाथि बन्दुकको बलमा शासन लादिरहेका छन् ।

## ग) नेपाली जनक्रान्ति के हो ?

नेपाली जनक्रान्ति श्रमजीवीवर्ग एवम् सम्पूर्ण जनताको आफ्नै आमूल परिवर्तन एवम् समग्र क्रान्ति हो । नेपाली समाजको स्वरूप एवम् विशिष्ट परिस्थिति र सबै समस्याहरूको क्रान्तिकारी समाधान गर्ने अत्यावश्यक पूर्वसर्त हो । यसमा मुलुकको वर्तमान परिस्थिति, आधारभूत अन्तरविरोधहरू, राजनीतिक तथा अर्थव्यवस्थाको ठोस विश्लेषण जरुरी हुन्छ । विश्वका सबै देशमा उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकास एउटै हुँदैन । हरेक देशको आन्तरिक चरित्र विशिष्ट र सार्वभौम पनि हुन्छ । सबै मुलुकमा शोषण-उत्पीडनको आमचरित्रमा समानता भए पनि विशिष्ट चरित्र पनि हुन्छ । देशको भूगोल, समाज, जनसङ्ख्या, इतिहास, अर्थसामाजिक र अर्थराजनीतिक अवस्थाले पनि त्यसको चरित्रमा प्रभाव पार्दछ । हरेक देशमा फरक प्रकृतिका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक ढाँचामा समाज सक्रिय हुन्छ । कुनै पनि क्रान्तिको पुनरावृत्ति असम्भव छ ।

प्रत्येक क्रान्तिका सार्वभौम र विशिष्ट नियम र चरित्र हुन्छ । सर्वोत्कृष्ट समाज विज्ञान मालेमाका सार्वभौम, क्रान्तिकारी, गतिशील र आधारभूत सिद्धान्तहरूको सही बुझाइ एवम् प्रयोगमा मात्र नेपाली जनक्रान्ति सम्भव छ । यसको वैचारिक आलोक नै नेपाली जनक्रान्तिको विचारधारात्क कार्यदिशा हो । नेपाली जनक्रान्तिले १९-२० औं शताब्दीका मार्क्स-एङ्गेल्स, लेनिन, स्टालिन र माओकालीन क्रान्तिको अवधारणा, सिद्धान्त र प्रयोगका सकारात्मक र नकारात्मक शिक्षाहरूको सही समीक्षाका आधारमा सकारात्मक पक्षलाई ग्रहण गर्दछ । यसले २१ औं शताब्दीको नयाँ अवस्था, अन्तरविरोध, गतिशीलता र विशेषतालाई आत्मसात् गर्दछ । यसले २१ औं शताब्दीका गम्भीर चुनौतीको सामना र सम्भावनालाई आत्मसात् गर्दछ ।

नेपाली जनक्रान्तिले **स्वाधीन राष्ट्र, समृद्ध समाज र समाजवादी भविष्य** निर्माणमा अगाडी बढ्ने मूल लक्ष्य बोकेको छ । नेपाली जनक्रान्तिको मुख्य पक्ष श्रमजीवीवर्ग एवम् जनताको समर्थन, सहयोग र सक्रिय सहभागिता हो । यो नेतृत्व वा पार्टी मात्र होइन, जनताको चेतना, सङ्गठन र बलिदानले नै क्रान्तिको सफलता, सार्थकता र विजय सम्भव हुन्छ । त्यसैले नेपाली जनक्रान्तिलाई सही दिशा दिन सुस्पष्ट विचारधारा, सुदृढ सामूहिक नेतृत्व र व्यापक जनसमर्थन अपरिहार्य आवश्यकता हुन्छ । नेपाली जनक्रान्ति नेपाली समाजवाद निर्माण गर्ने समग्र जनसङ्घर्ष, वर्गसङ्घर्ष र क्रान्ति हो । यसको पुरानो सामाजिक व्यवस्थामा आमूल परिवर्तन गर्ने र नयाँ सामाजिक व्यवस्था एवम् मानव सभ्यता स्थापना गर्ने लक्ष्य रहेको छ ।

नेपाली जनक्रान्ति इतिहासमा युरोप, अमेरिका र एसियाका क्रान्तिभन्दा एकदम फरक हुनेछ । विश्वसाम्राज्यवादी र नवऔपनिवेशिक दलाल पुँजीवादी बाहेक सबै नेपाली मूलतः श्रमजीवीवर्ग र जनता समाजवादको राजनीतिक सत्ताका भागीदार हुनसक्छन् । यसले विश्वसाम्राज्यवादी, देशद्रोही र नवऔपनिवेशिक

दलाल पुँजीवादी शासनको तख्ता पल्टाइदिन्छ । तर विश्वसाम्राज्यवाद र नवऔपनिवेशिक दलाल पुँजीवाद विरोधी सङ्घर्षमा बल पुऱ्याउन सक्ने कुनै पनि शक्तिलाई नष्ट गर्ने छैन, सबैलाई एकताबद्ध गर्नेछ ।

## घ) नेपाली जनक्रान्तिको आधार शक्ति

आमूल परिवर्तनका पक्षधर शक्तिहरू श्रमिक मजदुर, किसान, महिला, दलित, युवा-विद्यार्थी, जनजाति, सुकुमबासी, मधेसी, मुस्लिमसहितका शोषित-पीडित, उपेक्षित-उत्पीडितवर्ग र समुदाय नेपाली जनक्रान्तिका आधार शक्ति हुन् । यो अत्यधिक बहुमतले सक्रियतापूर्वक, आत्मनिर्भर रूपमा, आफ्नो राजनीतिक तथा आर्थिक मागहरूसहित सहभागितामा र क्रान्तिकारी श्रमजीवीवर्गका असल र सर्वश्रेष्ठ प्रतिनिधिहरूको सचेतन पहलकदमी एवम् नेतृत्वमा नेपाली जनक्रान्ति आधारित हुन्छ । श्रमजीवीवर्ग एवम् जनसमुदायको एकता, साझा कार्यभार परजीवी वर्गलाई हटाउने सङ्कल्प र नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्थाका सम्पूर्ण यन्त्रलाई चकनाचुर पार्नु नै नेपाली जनक्रान्ति हो ।

## ङ) नेपाली जनक्रान्तिको अर्जुनदृष्टि

नेपाली जनक्रान्तिका निशाना, अभिभारा र प्रेरक शक्तिहरूबारेमा पनि हाम्रो विचार प्रष्ट गर्नु पर्दछ । नेपाली समाजको विशेष स्वरूप एवम् विशिष्ट परिस्थितिहरूबाट पैदा हुने नेपाली जनक्रान्तिको वर्तमान चरणका आधारभूत सवाल हुन् । नेपाली जनक्रान्तिका प्रमुख शत्रु बाह्य रूपमा विश्वसाम्राज्यवाद र आन्तरिक रूपमा नवऔपनिवेशिक दलाल पुँजीवाद हो । अहिलेको सापेक्षतामा नवऔपनिवेशिक दलाल पुँजीवाद प्रधान शत्रु हो । यी दुइटा शत्रुका तख्ता पल्टाइदिनु जनक्रान्तिको अभिभारा हो । यो क्रान्तिको धार विश्वसाम्राज्यवाद र नवऔपनिवेशिक दलाल पुँजीवादकाविरुद्ध सोभ्याइने हुनाले वर्तमान चरणको स्वरूप नेपाली जनक्रान्ति नै हो । त्यसैले यो विश्व जनक्रान्तिकै एक अङ्ग पनि हो ।

## च) नेपाली जनक्रान्तिको मोडेल

रुस र चीनमा सफल क्रान्तिका दुई मोडेल विश्वव्यापी रुपमा स्थापित भएका थिए । यसको पुनरावृत्ति असम्भव एवम् असफल भएको इतिहास सबैको लागि शिक्षाप्रद छ । कुनै पनि मुलुकको राजनीति विज्ञानबाट निर्देशित हुन्छ । आज नेपालको राजनीतिक सङ्कटको वैज्ञानिक विचार, पद्धति र विधिमा समाधान सम्भव छ । नेपालको वर्तमान राजनीतिक सङ्कटलाई सही ढङ्गले बुझ्न र बदल्न जरुरी छ । त्यसको लागि समग्र तथ्यहरूको ठोस विश्लेषण र सही संश्लेषण गर्न आवश्यक छ । ठोस विश्लेषण नेपालको राजनीतिक सङ्कटको कारक तत्वहरू र अन्तरविरोधहरूको पहिचान गर्नु र सही संश्लेषण राजनीतिक, आर्थिक र सामाजिक सङ्कटको समाधान एवम् रूपान्तरण हो । यसको ऐतिहासिक एवम् दार्शनिक रूपमा ठोस विश्लेषण र सही संश्लेषणले वैज्ञानिक मार्गचित्र निर्माण गर्न सकिन्छ ।

यो विश्लेषण र संश्लेषणको आधारमा मात्र नयाँ विचार, रणनीति, कार्यनीति र कार्यदिशाको निर्माण, प्रयोग एवम् विकास गर्न सकिन्छ । नेपाली जनक्रान्ति नै नेपालको सामाजिक रूपान्तरण एवम् सामाजिक व्यवस्थाको निर्णायक विजयको नयाँ धारा हुनेछ । यसको दर्शन, वैज्ञानिक विचार एवम् सिद्धान्त मालेमा र नेपालमा विकास भएका मौलिक दर्शन, वैज्ञानिक विचार र सिद्धान्त नै हो । विश्व र नेपालका तमाम् अनुभव र शिक्षाका आधारमा नेपाली जनक्रान्ति नयाँ मोडेल हुनेछ ।

# ४) नेपाली जनक्रान्तिको आधार

## क) ऐतिहासिक नेपाली समाज

ऐतिहासिक दृष्टिले हेर्दा नेपाली समाजले मानव समूहहरूको कैयौं आगमन, अन्तरघुलन र अन्तरसङ्घर्षको श्रृङ्खला पार गर्दै आजको अवस्थासम्म आइपुगेको छ । अन्तरघुलन र अन्तरसङ्घर्षको समय प्रक्रियामा शान्तिपूर्ण सहवरणका सामान्य घटनाहरू बाहेक सशस्त्र सङ्घर्षले नै इतिहास निर्माणको मुख्य भूमिका खेलेको छ । नेपाली समाज जाति र समुदायको तिनका कविलाइ राज्यहरूको उत्थान र पतन हुँदै प्राचीन, मध्यकालीन र आधुनिक नेपालको अस्तित्व खडा भयो । विभिन्न कालखण्डहरूमा कहिले कविलाइ एवम् रजौटा राज्यहरूबिचको लडाइँ, कहिले जनता र शासक वर्गबिचको लडाइँ एवम् कहिले विदेशी शक्तिहरू विरुद्धका लडाइँका उल्लेखनीय शिक्षा अनुभवहरूसहित नेपाली समाज आजको अवस्थासम्म आइपुगेको छ ।

नेपाली समाज भोट-वर्मेली वा तिब्बती-वर्मेली, खस, आस्ट्रो-द्रविड, वैदिक आर्य र इस्लाम जस्ता सनातन मानव सभ्यता  तथा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक रूपले उन्नत देश हो । नेपाल दुई विशाल छिमेकी चीन र भारतको मध्यभागमा अवस्थित भूपरिवेष्ठित असहाय राष्ट्र होइन, भौगोलिक रूपमा हिमाल, पहाड र तराई त्रिआयाम भएको सार्वभौम मुलुक हो ।

नेपालले आफ्नो परिवेशलाई बुझ्ने, आफ्नो हितको रक्षा गर्ने र अवसरहरूको सदुपयोग गर्ने क्षमता हासिल गर्न जरुरी छ । नेपालीले कुशल कूटनीतिक अभिकर्ता बन्न आवश्यक छ । इतिहास र संस्कृतिले दुई विशाल छिमेकी चीन र भारतलाई जोडेको छ । नेपालले सधैं यसलाई संरक्षण गरिरहेको छ । छिमेकी चीनको अर्थतन्त्रले अभूतपूर्व गति, प्रविधिको क्षेत्रमा भएको फड्को र विश्वमा तीब्र प्रभाव पारिरहेको छ ।

त्यसैगरी, छिमेकी भारतसँगको ऐतिहासिक, सामाजिक र आर्थिक सम्बन्ध पनि नेपालको परराष्ट्र नीतिको महत्वपूर्ण पक्ष हो । नेपाल ऐतिहासिक पञ्चशील सिद्धान्त र नयाँ युगको मानव जातिको साझा भविष्यसँग गाँसिएको छ । नेपालको राष्ट्रिय स्वाधीनता र आत्मनिर्भरता बलियो भएन भने मुलुक प्रभावक्षेत्रको खेलमा फस्ने जोखिम बढिरहेको छ । नेपालले स्वतन्त्र परराष्ट्र नीति, सन्तुलित कूटनीति र राष्ट्रिय उत्पादन क्षमताको विकास गर्न अपरिहार्य आवश्यकता छ । आज नेपालमा चुनौतीको पहाड मात्र होइन, नयाँ सम्भावनाहरूको ढोका खुलेको छ ।

## ख) नेपालको राज्यव्यवस्थाको चरित्र र अन्तरविरोध

नेपाली जनक्रान्तिको आधार देशको वस्तुगत खासगरी राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र अन्तर्राष्ट्रिय परिस्थिति एवम् अवस्था हो । आज नेपालमा दलाल, नोकरशाही, एकाधिकार, नवउदारवाद एवम् भूमण्डलीकृत, वित्तीय पुँजीवाद मूलतः नवऔपनिवेशिक दलाल पुँजीवादको हैकम चलिरहेको छ ।

आज राजनीतिक रूपमा मुलुकमा जनादेश तथा जनअपेक्षाविपरीत नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्था नयाँ दलालहरूले श्रमजीवीवर्ग एवम् जनतामा बलपूर्वक लादिरहेका छन् । नवदलालहरूले नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्थालाई फासिस्ट उन्मुख गरिरहेका छन् । जनयुद्धको बलमा राजतन्त्रको अन्त्य भयो तर कथित 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' लादियो । मुलुकमा नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्था र श्रमजीवीवर्ग एवम् जनताबिच प्रधान अन्तरविरोध रहेको छ । नवऔपनिवेशिक दलाल पुँजीवादी शासक वर्ग र श्रमजीवीवर्ग एवम् जनताबिच अन्तरविरोध तीब्र देखिन्छ । यो व्यवस्थाविरुद्ध सम्पूर्ण शोषित, उत्पीडित श्रमजीवीवर्ग एवम् जनताहरू विरोध र प्रतिरोध सङ्घर्षमा सहभागी हुने निश्चित देखिन्छ ।

आज नयाँ दलालहरूले नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्थाको नेतृत्व गरिरहेका छन् । सच्चा क्रान्तिकारीहरू सचेत ढङ्गले स्पातझैँ एकताबद्ध भएर अगाडि बढ्न आवश्यक छ । बलियो एकता, दृढ सङ्कल्प र निर्भीकताले मात्र सच्चा क्रान्तिकारीहरूको विजय सम्भव हुनेछ ।

आर्थिक रूपमा देशका कृषि, उद्योग, व्यापारलगायत सबै क्षेत्रमा चरम सङ्कट पैदा भइरहेको छ । वित्तीय शोषण, भ्रष्टाचार, कालोबजारी, महँगी, कमिसनतन्त्र, मूल्यवृद्धि, बेरोजगारी, आप्रवासन, पुँजी र युवा पलायन महामारीका रूपमा फैलिरहेको छ । देशमा चौतर्फी आर्थिक सङ्कट उत्पन्न भइरहेको छ ।

सामाजिक रूपमा नेपालमा सामन्तवादको अन्त्यसँगै त्यसको स्थान नवऔपनिवेशिक दलाल पुँजीवादले लिएको छ । राज्यसत्ताको नेतृत्व नवऔपनिवेशिक नयाँ दलाल पुँजीवादीहरूले गरेका छन् । राजनीतिक, आर्थिक, प्रशासन, सुरक्षा आदि क्षेत्र विश्वसाम्राज्यवादी हस्तक्षेप र नियन्त्रणको स्थितिमा पुगिरहेका छन् । नवऔपनिवेशिक दलाल पुँजीवादले धर्मनिरपेक्षताको आवरणमा धार्मिक र जातीय विद्वेषको विस्तार गरिरहेको छ । वर्गसङ्घर्षलाई भुत्ते बनाउने खेलका रूपमा जातीय र धार्मिक सङ्घर्ष चल्न सक्ने खतरा बढिरहेको छ ।

सांस्कृतिक रूपमा नेपालको राष्ट्रिय संस्कृति कमजोर भइरहेको छ । नवऔपनिवेशिक दलाल संस्कृति र जनसंस्कृतिबिच सङ्घर्ष चलिरहेको छ । धर्म र संस्कृतिको गोलमाल भइरहेको छ । जनसंस्कृतिको संरक्षण, विकास र विस्तार गर्नुको ठीक विपरीत नवऔपनिवेशिक दलाल पुँजीवादी र उत्तरआधुनिकतावादी संस्कृतिले नेपाली संस्कृतिलाई विसङ्गत एवम् विकृत बनाइरहेको छ । नवऔपनिवेशिक दलाल पुँजीवादी, प्रयोगवादी, आत्मकेन्द्रित व्यक्तिवादी र छाडा संस्कृति हाबी भइरहेको छ ।

विश्वसाम्राज्यवादले विदेशी नवऔपनिवेशिक पुँजीवादी सञ्चार सञ्जालहरूको प्रयोगद्वारा त्यसलाई प्रोत्साहित गरिरहेको छ । साम्राज्यवादी शिक्षानीति लादिनाले नयाँ पुस्ता पूर्णतः परनिर्भर, परमुखापेक्षी बनेर पलायन हुन विवश छ । नेपालको आफ्नो भाषा, संस्कृति र शिक्षा नवऔपनिवेशिक दलाल पुँजीवादको नियन्त्रणमा परिरहेको छ । आज नेपालमा नवऔपनिवेशिक दलाल पुँजीवादको चौतर्फी हालीमुहाली चलिरहेको छ ।

आज विश्वसाम्राज्यवाद र उत्पीडित राष्ट्रहरू एवम् उत्पीडित श्रमिक जनताका बिचको अन्तरविरोध, अन्तरसाम्राज्यवादी अन्तरविरोध, साम्राज्यवादी देशहरूमा एकाधिकार पुँजीपति र श्रमिक वर्गबिचको अन्तरविरोध र पुँजीवादी र समाजवादी व्यवस्थाका बिचको अन्तरविरोध देखिन्छन् ।

आज नेपालमा नवऔपनिवेशिक दलाल पुँजीवादी उत्पादन सम्बन्धले नयाँ अन्तरविरोधहरू पैदा भइरहेका छन् । गरिब किसान र भूमाफिया एवम् बिचौलियाका बिचको अन्तरविरोध, श्रमजीवीवर्ग र नवऔपनिवेशिक दलाल पुँजीवादका बिचको अन्तरविरोध, वैदेशिक व्यापारी र स्थानीय व्यापारीहरूबिचको अन्तरविरोध, नवऔपनिवेशिक दलाल पुँजी र राष्ट्रिय पुँजीबिचको अन्तरविरोध र समग्रमा उत्पीडित श्रमजीवीवर्ग एवम् जनता र नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्थाबिचको प्रधान अन्तरविरोध रहेको छ ।

## ग) वर्तमान समस्या र समाधान

नेपालको वर्तमान कथित सङ्घीय लोकतान्त्रिक गणतन्त्र अर्थात् नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्थाको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक सङ्कटको समाधान नेपाली जनक्रान्ति र नेपाली समाजवाद नै हो । यसको अन्त्य र नेपाली समाजवादको स्थापना सुनिश्चित गर्नु हो । यसको अन्त्य नै नयाँ विचार र नयाँ सामाजिक व्यवस्था नेपाली समाजवादको निर्माण हो ।

नेपालको यो व्यवस्थाले पैदा गरिरहेको लामो राजनीतिक अस्थिरता, उत्पादन र अर्थतन्त्रको विसर्जन एवम् आर्थिक असमानता र राज्यको लुटतन्त्र तथा असुरक्षाको समाधान र कथित लोकतन्त्रका नाममा फैलिएको भ्रष्ट र जीर्ण दलालतन्त्रको अन्त्य र त्यसको रूपान्तरण एवम् आमूल परिवर्तन श्रमजीवीवर्ग एवम् जनताको प्रत्यक्ष सहभागिता स्थापित गर्ने सामाजिक व्यवस्थाको उत्पत्ति एवम् उदय नै नेपाली समाजवाद हो ।

कुनै पनि परिवर्तनको प्रक्रिया स्वतःस्फुर्त अगाडि बढ्ने प्राकृतिक शाश्वत नियम मात्र होइन । सबै राजनीतिक-आर्थिक परिवर्तनले मानिसका जीवनमा स्वतःस्फुर्त सुख र समृद्धि सिर्जना गर्दैन । मानिसले जीवनलाई सुख, समृद्धि एवम् सुरक्षित गर्न परिवर्तनको नियमित प्रक्रियालाई सिर्जनात्मक जनक्रान्तिद्वारा सकारात्मक बनाउन सक्नुपर्दछ । त्यसका लागि विवेकयुक्त तथा चेतनायुक्त बौद्धिकताले मात्र हुँदैन, विचारको वैज्ञानिक प्रयोगद्वारा रणनीतिक हस्तक्षेप जरुरी छ । यो नै नयाँ विचार र सिद्धान्तको रचना एवम् विकास हो ।

मार्क्स-एङ्गेल्स, लेनिन, स्टालिन र माओलगायतले आफ्नो समयको सङ्कटलाई समाधान गर्न नयाँ दार्शनिक, राजनीतिक, आर्थिक र सामाजिक विचार निर्माण गरेका थिए । यो सिद्धान्तलाई मात्र प्राथमिकता दिने यान्त्रिकतावादीले जडवादको प्रवर्धन गर्दछ । सिद्धान्तविहीन प्रयोगवादीहरूले अराजकता र अतिवादलाई प्रवर्धन गर्दछन् । सिद्धान्तहीन प्रयोगवादले लुट र भ्रष्टाचारलाई नै राजनीतिक हस्तक्षेपको लक्ष्य बनाउँछ । नेपालको वर्तमान नवऔपनिवेशिक दलाल पुँजीवादमा यो चलिरहेको छ । यो समस्याको समाधान नै नेपाली जनक्रान्तिद्वारा लाखौँ-करोडौँ मानिसहरूका लागि नयाँ सामाजिक व्यवस्था नेपाली समाजवाद नयाँ जीवनव्यवस्थाको अभ्युदय, निर्माण एवम् विकास हो ।

## ५) नेपाली जनक्रान्तिको लक्ष्य र स्वरूप

नेपाली जनक्रान्तिका राजनीतिक, आर्थिक र सामाजिक दृष्टिले वर्गीय मुक्ति र राष्ट्रिय मुक्ति दुई मुख्य कार्यभार हुन् । श्रमजीवीवर्ग एवम् जनता र नवऔपनिवेशिक दलाल पुँजीवादी सत्ता तथा श्रमजीवीवर्ग एवम् जनता र साम्राज्यवाद विरुद्धको लडाइँ पनि हो । नेपाली समाजको अर्थसामाजिक ठोस वर्गविश्लेषण, समाज विकासको ऐतिहासिक आधारमा वर्गसङ्घर्षको स्वरूप ठोस गर्नु, परस्पर विरोधी वर्गहरू र देशको अन्य देशहरूसँगको सम्बन्धलाई समग्रतामा हेर्नु, वर्ग र समाजलाई गति, जीवन र परिवर्तनको स्थितिलाई गुणात्मक छलाङका आधारमा अध्ययन, विश्लेषण र संश्लेषण गरी नेपाली समाजमा जनक्रान्तिको चरण, स्वरूप र कार्यदिशा ठोस गर्नु नै नेपाली जनक्रान्तिको मूल आधार हो ।

नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्थाको सम्पूर्ण उत्पादनमाथि आधिपत्य र समाजमा नेपाली समाजवाद स्थापना सम्भव एवम् आवश्यक तुल्याउने वातावरण सिर्जना गरिरहेको छ । युगौँदेखिका रीतिरिवाज, राजनीतिक दाउपेच, वर्गसङ्घर्ष र क्रान्तिकारी आन्दोलनको उद्देश्य स्पष्ट पारिनु पर्दछ । नेपाली जनक्रान्तिको अन्तिम लक्ष्य श्रमजीवीवर्गद्वारा वर्गसङ्घर्षको आयोजना र नेतृत्व राजनीतिक सत्तामाथि कब्जा र नेपाली समाजवादी समाजको निर्माण गर्नु हो । यो व्यवस्थाको नरकबाट मुलुक, श्रमजीवीवर्ग र आमजनतालाई मुक्त गर्ने नेपाली जनक्रान्ति पूर्ण मुक्तिको विशाल नयाँ जनमार्ग हो । जीवन र भविष्य पनि हो । शोषित-पीडित, उपेक्षित-उत्पीडित श्रमजीवीवर्ग र जनतामा नेपाली समाजवादलाई साकार तुल्याउने अनन्त उत्साह छ । नेपाली जनक्रान्तिको लक्ष्य विश्वसाम्राज्यवाद एवम् नवऔपनिवेशिक दलाल पुँजीवादी व्यवस्थाको अन्त्य र **स्वाधीन राष्ट्र, समृद्ध समाज र समाजवादी भविष्य**मा आधारित नेपाली समाजवाद स्थापना गर्ने हो ।

नेपाली जनक्रान्तिमा पुरानै नियमक्रमको अनुसरण गरेर मात्र यो उत्साह देख्न असम्भव छ । मनोगतवादी, अधिभूतवादी, अनुभववादी, कट्टरतावादी र संशोधनवादीहरूका अगाडि अँध्यारै अँध्यारो हुन्छ ।

तिनीहरु नयाँ परिस्थिति र नयाँ युगीन कार्यभारलाई बुझ्न र बदल्न सधैं असहमत हुन्छन् र त्यसको विरोध गर्छन् । तिनीहरू सधैं उदासीन हुन्छन् । चरम सङ्कटको घडिमा पनि अगाडि बढ्न सधैं अस्वीकार गर्छन् । ठोस परिस्थितिमा ठोस राजनीतिक लक्ष्य निर्धारित हुनुपर्छ । सबै कुरा सापेक्ष छन् । सबै कुरा प्रवाहमा हुन्छ । सबै परिवर्तनशील छन् । चुनौतीपूर्ण र सम्भावनायुक्त वर्तमान परिस्थितिमा पूर्व क्षितिजमा नेपाली समाजवादको दृश्यावलोकन गर्न नयाँ परिस्थिति र नयाँ युगीन कार्यभारलाई बुझ्न र बदल्न क्रान्तिकारीहरूले मात्र सक्छन् ।

नेपाली जनक्रान्तिले विश्वसाम्राज्यवादको दृढतापूर्वक विरोध गर्दछ । यसले राजनीतिक रूपले साम्राज्यवादी, देशद्रोही र नवऔपनिवेशिक दलाल पुँजीवादीमाथि सबै क्रान्तिकारी श्रमजीवीवर्गहरूको संयुक्त अधिनायकतन्त्र कायम गर्नेछ । नेपाली समाजलाई नवऔपनिवेशिक दलाल पुँजीवादी अधिनायकतन्त्रमा रूपान्तरण गर्ने कुराको विरोध गर्दछ ।

यसले आर्थिक रूपले साम्राज्यवादी, देशद्रोही र नवऔपनिवेशिक दलाल पुँजीवादी अर्थ-व्यवस्थालाई उन्मूलन गर्ने लक्ष्य राख्दछ । नेपाली जनक्रान्तिले नेपाली समाजवादका पूर्वाधारहरूको सिर्जना र निर्माण गर्दछ ।

नेपाली जनक्रान्तिको वर्तमान चरण नवऔपनिवेशिक दलाल पुँजीवादी समाजको रूपान्तरण र समाजवादी समाजको स्थापना बिचको सङ्क्रमणकालीन चरण हो । नेपाली समाज जनक्रान्ति मार्फत् मात्र समाजवादतिर लम्कन सक्छ, यो बाहेक अर्को बाटो नै छैन ।

नेपाली जनक्रान्तिको वर्तमान चरणमा श्रमजीवीवर्ग र सम्पूर्ण जनताले निश्चित स्थान ओगट्न र निश्चित भूमिका निर्वाह गर्न सक्नेछन् । नेपाली समाजवाद विश्वसाम्राज्यवाद र नवऔपनिवेशिक दलाल पुँजीवाद विरोधी सबै श्रमजीवीवर्ग र जनताको क्रन्तिकारी एकतामा आधारित हुन्छ । श्रमजीवीवर्गको असल र सर्वश्रेष्ठ प्रतिनिधिहरूको नेतृत्वमा मात्र नेपाली समाजवादलाई साकार पार्न सकिनेछ ।

यसमा वर्गसङ्घर्ष, ऐतिहासिक भौतिकवाद र नेपाली समाजवादको सिद्धान्तमा आधारित रणनीति, कार्यनीति, मार्गदर्शन र कार्यपद्धतिको विकास आवश्यक छ । यसको वैचारिक आधार मार्क्सवादी-लेनिनवादी-माओवादी सिद्धान्त नै हो । यसको विचारधारात्मक एवम् मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओका सिद्धान्तहरूमा आधारित वैचारिक मार्गनिर्देशन तथा वैचारिक स्पष्टताबिना नेपाली जनक्रान्ति दिशाविहीन हुन्छ । यसको सही अध्ययन र व्यवहारमा सही प्रयोग सिद्धान्तको स्पष्टता र वर्गदृष्टिकोणको विकास, उत्पादन सम्बन्धमा आधारित वर्गको सही पहिचान, शोषक र शोषित वर्गबिचको स्पष्ट वर्गविश्लेषण र जनसङ्गठन निर्माण मूल आधार हो ।

यसको मूल उद्देश्य वर्गविहीन, शोषण र उत्पीडनरहित समाज स्थापना गर्नु हो । नेपाली समाजवादमा उत्पादनका साधनहरू श्रमजीवीवर्गलगायत सम्पूर्ण जनताको समाजवादी स्वामित्वमा हुनेछ । नेपाली जनक्रान्तिका मुख्य आधारहरू अर्थराजनीति एवम् अर्थसामाजिक अवस्था तथा समाजको वर्ग संरचना, उत्पादन सम्बन्ध र इतिहासको भौतिकवादी वैज्ञानिक विश्लेषण जरुरी हुन्छ ।

समाज रूपान्तरणको लागि भावना होइन, तथ्य र तर्कमा आधारित विश्लेषण आवश्यक हुन्छ । नेपाली जनक्रान्ति समाजमा उत्पीडक वर्ग र उत्पीडित वर्गबिचको सङ्घर्ष नै क्रान्तिको मूल प्रेरक शक्ति हो । वर्गसङ्घर्ष नै समाज रूपान्तरणको इन्जिन हो । क्रान्ति एवम् सामाजिक रूपान्तरण उत्पादन सम्बन्धको परिवर्तन हो । निजी स्वामित्वमा रहेका उत्पादनका साधनहरूलाई सामाजिक एवम् समाजवादी स्वामित्वमा रूपान्तरण गर्नु हो । यो श्रमजीवीवर्ग एवम् जनताको नियन्त्रण एवम् स्वामित्वमा उत्पादन व्यवस्था गर्ने प्रक्रिया पनि हो ।

नेपाली जनक्रान्तिमा जनता र श्रमजीवीवर्गको नेतृत्व आवश्यक हुन्छ । तिनको सशक्त सङ्गठन र सचेत सहभागिता नेपाली जनक्रान्तिको सफलताका लागि आवश्यक छ । यो क्रान्तिको निर्णायक चरणमा उत्पीडित वर्गहरूले सशक्त जनसङ्गठनको बलद्वारा नै राज्यसत्ताको रूपान्तरण सम्भव हुन्छ ।

नेपाली जनक्रान्तिमा विश्वव्यापी एवम् अन्तर्राष्ट्रिय एकता जरुरी हुन्छ । सबै उत्पीडित जनताबिच एकता कायम गर्नुपर्ने आवश्यकता छ । जनसङ्गठन र राजनीतिक सचेतना, श्रमिक, किसान, महिला, दलित, युवा-विद्यार्थी, उत्पीडित जाति, जनजाति आदिलाई सङ्गठित गर्ने, उनीहरूमा नेपाली जनक्रान्ति र समाजवादको चेतना फैलाउने, जनसङ्गठनहरू निर्माण र परिचालन गर्ने तथा त्यसको जगमा क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण र नेतृत्व विकास गर्नु आवश्यक छ । नेपाली जनक्रान्तिमा कम्युनिस्ट पार्टी श्रमजीवीवर्ग एवम् जनताको अगुवा एवम् नेतृत्वदायी शक्ति हो ।

## ६) रणनीति र कार्यनीति

नेपालको राजनीतिक र आर्थिक परिवर्तनका घटना एवम् परिघटनाको विश्लेषण गर्दा श्रमजीवीवर्ग एवम् नेपाली जनताको आमूल राजनीतिक परिवर्तन र समृद्धिको अपेक्षाहरूमाथि लक्ष्य, रणनीति र कार्यनीतिले नै तुषारापात गरिरहेको छ । विगतमा राजनीतिक शक्तिहरूले परिवर्तनलाई सकारात्मक उत्कर्षमा पुऱ्याउन किन सकेनन ? भन्ने प्रश्नको जीवन व्यवहारमा जवाफको खोजीले मात्र आगामी राजनीतिक दिशा निर्धारण गर्ने राजनीतिक-आर्थिक विचारलाई जन्म दिन्छ ।

प्रत्येक देशको क्रान्तिकारी वा बुर्जुवा दुबै खाले क्रान्तिका आ-आफ्नै सार्वभौम र विशिष्ट नियम र चरित्र हुन्छन् । यो मालेमावादी पद्धतिलाई राम्रोसँग आत्मसात् गरेर नै आजको नेपाली जनक्रान्तिको रणनीति र कार्यनीतिलाई निर्धारण गर्न सकिन्छ । माओ त्सेतुङ्ले युद्धको विशिष्टतालाई निर्धारण गर्ने आधारभूत तत्वहरु समय, स्थान र स्वरूप भन्नु भएको थियो । यसको तात्पर्य फरक सामाजिक अवस्था, फरक देशको भूगोल र युद्धको उद्देश्य नै हो । यसले के पुष्टि गर्दछ भने हरेक क्रान्तिमा सापेक्षित कार्यनीति र रणनीति अनिवार्य हुन्छ । हरेक समयमा राजनीतिक सङ्घर्षमा उत्रन सक्ने सुदृढ सङ्गठन छैन भने सिलसिलाबद्ध दृढ सिद्धान्तद्वारा प्रज्ज्वलित र निरन्तर कार्यान्वित भइरहने वास्तविक कार्यनीतिबारे प्रश्नै उठ्न सक्दैन । पार्टीको कार्यनीति आचरण अर्थात् राजनीतिक गतिविधिको दिशा, चरित्र, कार्यशैली र तरिका हो ।

रणनीति भनेको निश्चित उद्देश्य पुरा गर्न अपनाइने दीर्घकालीन युक्ति हो । रणनीति भनेको मुख्य मुद्दा सम्बोधन गर्ने योजना, योजनाबद्ध कार्य, रणनीतिक ढाँचाअनुसार कार्यहरूको मूल उद्देश्य हो । कला र निर्देशनहरूका विभिन्न चरणहरूलाई ध्यानमा राखेर दीर्घकालीन उद्देश्य एवम् विजय हासिल गर्ने माध्यम एवम् ढाँचा गरिएको बृहत् कार्ययोजना नै रणनीति हो । यसले नै जनक्रान्तिको दीर्घकालीन दिशानिर्देश र भविष्य प्रस्तुत पनि गर्दछ ।

स्टालिनले भनेझैं 'रणनीतिको सबभन्दा महत्वपूर्ण काम त्यस्तो मुख्य दिशालाई निर्धारण गर्नु हो जुन दिशा मजदुरवर्गीय आन्दोलनले लिनुपर्छ र जुन दिशामा सर्वहारा वर्गले कार्यक्रममा प्रतिपादित उद्देश्य हासिल गर्नका लागि अत्यधिक फाइदाजनक ढङ्गबाट आफ्नो शत्रुमाथि मुख्य प्रहार गर्न सक्नेछ । रणनीतिक योजना भनेको जुन दिशामा प्रहार गर्दा त्यसले अधिकतम् परिणाम प्राप्त गर्न सम्भव छ, त्यस दिशामा निर्णायक प्रहारको सङ्गठन निर्माण गर्ने योजना हो ।'

हाम्रो पार्टीको न्यूनतम् कार्यक्रम नेपाली समाजवाद हो । अधिकतम लक्ष्य साम्यवादसम्म पुग्ने हो । आज नेपाली जनक्रान्तिको समग्र नयाँ रणनीति निर्माण आवश्यक छ ।

कार्यनीति भनेको एक रणनीतिको शृङ्खलाको एक वा बढी उद्देश्यहरू प्राप्त गर्न अधिक विशिष्ट उपायहरू हुन् । स्टालिनले 'कार्यनीति रणनीतिको एउटा हिस्सा हो, त्यो रणनीतिको अधीनस्थ रहन्छ र त्यसले

रणनीतिको सेवा गर्छ । कार्यनीतिको एउटा अत्यधिक महत्वपूर्ण काम त्यस्ता तरिका तथा उपायहरू, सङ्घर्षका रूप र तरिकाहरूलाई निर्धारित गर्नु हो, जुन खास क्षणको ठोस परिस्थितिमा अत्यधिक उपयुक्त हुन्छन् र जसले निश्चित रूपबाट रणनीतिक सफलताका लागि बाटो बनाइदिन्छन्' भनेझैं नेपाली जनक्रान्तिको कार्यनीति ठोस रूपमा संश्लेषण गर्न आवश्यक छ ।

हाम्रो पार्टीको तत्कालीन कार्यनीति- **जनतामा जाऔँ ! जनताको सेवा गरौँ !!** जनअभियान र अन्य तरिकाहरूद्वारा पार्टी, जनसङ्गठन र मोर्चा निर्माण र परिचालन व्यापक गरिनु पर्दछ । श्रमजीवीवर्ग एवम् मजदुर, किसान, महिला, दलित, युवा-विद्यार्थी, जनजाति, सुकुमबासी, मधेसी, मुस्लिमसहितका शोषित-पीडित वर्ग र समुदायका जनतान्त्रिक अधिकारहरू एवम् सरोकारका माग र मुद्दामा केन्द्रित सङ्घर्ष एवम् आन्दोलन, वित्तीय शोषण, भ्रष्टाचार, तस्करी, कालोबजारी, महँगी, कमिसनतन्त्र, मूल्यवृद्धि, बेरोजगारी, प्रवासन र विभिन्न काण्डहरूको महामारीका विरुद्ध सङ्घर्ष एवम् आन्दोलन, सामाजिक रूपान्तरणका लागि सामाजिक सत्ता, आमूल परिवर्तनका लागि गुणात्मक सुधार र राष्ट्रियता, जनतन्त्र र जनजीविकाको संवर्धनका लागि सशक्त आन्दोलनको सिर्जना र सञ्चालन गरिनु पर्दछ । जनसङ्गठन र मोर्चा निर्माण र परिचालन र जनसङ्घर्ष अगाडी बढाइनु पर्दछ ।

हामीले श्रमजीवीवर्ग एवम् सम्पूर्ण जनतासँग अविभाज्य रुपमा जोडिने नयाँ कार्यनीतिको विकास गरेर नयाँ रणनीति हासिल गर्नु पर्दछ । नेपाली जनक्रान्तिमा व्यापक जनसमर्थन, जनसहभागिता र जनमत हासिल गर्नु पर्दछ ।

## ७) निष्कर्ष

नेपालको विगत, वर्तमान र भविष्यसँग नेपाली जनक्रान्ति सम्बन्धित छ । नेपालको समग्र राजनीतिक इतिहासमा अपूर्ण जनक्रान्तिका सकारात्मक र नकारात्मक महत्वपूर्ण शिक्षाहरू छन् । सच्चा क्रान्तिकारीहरूले इतिहासका सकारात्मक विरासतहरूको रक्षा गर्ने दायित्व लिन जरुरी छ । सही समीक्षा, ठोस विश्लेषण र वास्तविक रूपान्तरणले मात्र नयाँ जनक्रान्तिको क्षितिज खोल्न र इतिहासका सकारात्मक विरासतहरूको रक्षा, विकास र नयाँ इतिहासको रचना गर्न सम्भव हुन्छ । यो कुनै एक्लो वीररूपी नेतृत्व वा पार्टीले मात्र होइन, श्रमजीवी जनताको चेतना, सङ्गठन, सङ्घर्ष, बलिदान र विजयद्वारा सम्भव हुन्छ ।

नेपाली श्रमजीवीवर्ग एवम् जनताले लामो समयसम्म राजनीतिक, आर्थिक समानता र सामाजिक न्यायबाट सधैं वञ्चित रहनुपऱ्यो । यो अवस्थाबाट मुक्ति पाउन श्रमजीवीवर्ग एवम् जनताले विभिन्न चरणमा जनसङ्घर्ष, जनआन्दोलन र जनक्रान्ति गर्दै आइरहेका छन्, जसको उच्च रूप नै नेपाली जनक्रान्ति हो ।

नेपाली जनक्रान्ति सामान्य सुधार होइन । यो राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायतमा आमूल परिवर्तनको प्रक्रिया हो । यसको मूल उद्देश्य पुरानो शोषण र उत्पीडनकारी व्यवस्थालाई विस्थापित एवम् अन्त्य गरेर नयाँ नेपाली समाजवादी व्यवस्था स्थापना गर्नु नै हो ।

नेपालको इतिहासमा २००७ सालको आन्दोलन, २०४६ सालको जनआन्दोलन, महान् जनयुद्ध र २०६२-०६३ सालको जनआन्दोलन नेपाली जनक्रान्तिका महत्वपूर्ण चरणबद्ध आधार हुन् । महान् जनयुद्धको उत्कर्ष २०६२-०६३ सालको जनआन्दोलनले राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापनाको मार्ग प्रशस्त गऱ्यो । यो नेपाली जनक्रान्तिको निर्णायक मोड थियो । यी जनसङ्घर्ष, जनआन्दोलन, जनयुद्ध र जनक्रान्तिले आजको नेपाली जनक्रान्ति क्रमिक रूपमा विकसित भइरहेको समग्र प्रक्रिया हो ।

नेपाली जनक्रान्तिमा वर्गीय मुक्ति प्रमुख विषय हो । बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देशमा वर्गीय मुद्दा मात्र पर्याप्त हुँदैन । नेपालमा जातीय, लैङ्गिक र क्षेत्रीय उत्पीडन पनि विद्यमान छन् । त्यसैले नेपाली जनक्रान्तिले सबै खालका विभेद, शोषण र उत्पीडनहरूको अन्त्य गर्ने दायित्व छ ।

नेपाली जनक्रान्तिमा विभिन्न चुनौतीहरू पनि रहेका छन् । राजनीतिक अस्थिरता, राजनीतिक दलहरूबिचको विभाजन, बाह्य हस्तक्षेप, नवऔपनिवेशिक दलाल पुँजीवादलगायत समस्याहरूले नेपाली जनक्रान्तिको लक्ष्य प्राप्तिमा अवरोध गरेका छन् । विगतमा जनअपेक्षित परिवर्तन नआउनुले जनतामा व्यापक निराशा पनि बढाएको छ । यसले जनसङ्घर्ष र जनआन्दोलन मात्र पर्याप्त हुँदैन, प्रभावकारी रूपान्तरणका लागि सुदृढ नीति र सामूहिक नेतृत्व आवश्यक हुन्छ ।

नेपाली जनक्रान्ति निरन्तरतामा नयाँ क्रमभङ्गता हो । यो समय, परिस्थिति र जनचेतनासँगै विकसित हुँदै जानेछ । यसको अन्तिम लक्ष्य **'स्वाधीन राष्ट्र, समृद्ध समाज र सामाजवादी भविष्य'**मा आधारित नयाँ समाज व्यवस्था एवम् मानव सभ्यता निर्माण तथा नेपाली समाजवाद स्थापना गर्नु हो ।

नेपाली जनक्रान्तिका लागि वैचारिक स्पष्टता, सङ्गठनात्मक एकता र श्रमजीवीवर्ग एवम् सम्पूर्ण जनताको सक्रिय सहभागिता अपरिहार्य छ । नेपाली जनक्रान्ति तब मात्र सफल हुन्छ, जब यसले वास्तविक अर्थमा श्रमजीवीवर्ग एवम् जनताको जीवनमा सकारात्मक एवम् आमूल परिवर्तन ल्याउन सफल, सक्षम र सार्थक हुनेछ । गौरवपूर्ण इतिहासका सकारात्मक विरासतको रक्षा गरौँ । नेपाली जनक्रान्तिको चुनौतीपूर्ण मार्गमा अगाडी बढौँ । नेपाली समाजवाद स्थापना गरौँ ।

*(यो अवधारणा पत्र २७-२८ चैत्र, २०८२ मा सम्पन्न समाजवादवादी कम्युनिस्ट पार्टी नेपाल, केन्द्रीय समितिको प्रथम विस्तारित बैठकमा महासचिव पूर्णबहादुर सिंह 'समरजङ्ग' द्वारा प्रस्तुत भई आन्तरिक छलफलपश्चात मित्रपार्टीहरूबिच बहसको लागि खुला गरिएको छ ।)*